नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**वातावरण विभाग**

**प्लाष्टिक झोला प्रतिवन्ध सम्वन्धी कार्ययोजना, २०७८ को कार्ययोजना कार्यान्वयन केन्द्रीय अनुगमन समितिको दोस्रो बैठकको प्रेस नोट**

वातावरणीय नीति र कानुनले निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्यहरु हासिल गर्न र प्लाष्टिक झोला सम्बन्धी राष्ट्रिय मापदण्डको कार्यान्वयन भएको अवस्था सुनिश्चित गर्न ४० माइक्रोन भन्दा पातला प्लाष्टिक झोलाको प्रतिबन्ध (उत्पादन, आयात, विक्री वितरण र प्रयोग) गर्नुका साथै नेपाल सरकारले घोषणा गरेको प्रतिबन्धलाई प्रभावकारी रुपमा पालना गर्न, गराउन प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ लागू गरेको छ। यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयन एवं कार्ययोजना कार्यान्वयनको अनुगमन गर्न नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा केन्द्रीय अनुगमन समिति गठन गरिएको छ। यस केन्द्रिय अनुगमन समितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव सहित विभिन्न मन्त्रालयका सचिवहरु, विभिन्न सरोकारवाला विभागका महानिर्देशकहरु, वातावरण हेर्ने प्रदेश मन्त्रालयका प्रदेश सचिवहरु, नेपाल नगरपालिका महासंघ तथा नेपाल गाउँपालिका राष्ट्रिय महासङ्घका अध्यक्षहरु, नेपाल उद्योग बाणिज्य महासङ्घ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्वर अफ कमर्स र नेपाल प्लाष्टिक उत्पादक संघका अध्यक्षहरु सदस्य र वातावरण विभागका महानिर्देशक सदस्य सचिव रहने व्यवस्था गरिएको छ। यस बाहेक कार्ययोजनामा प्रदेश अनुगमन समिति र स्थानिय अनुगमन समितिको व्यवस्था गरिएको छ।

यसै परिप्रेक्ष्यमा प्लाष्टिक झोला प्रतिवन्ध सम्बन्धी कार्ययोजना, २०७८ कार्ययोजना कार्यान्वयन केन्द्रीय अनुगमन समितको बैठक समितिका संयोजक एवं नेपाल सरकारका मुख्य सचिव डा. बैकुण्ठ अर्यालको अध्यक्षतामा मिति २०८० असार १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवारमा बसेको थियो। उक्त बैठकमा केन्द्रीय अनुगमन समितिका सदस्यहरु को सहभागिता रहेको थियो। वैठकमा सातै प्रदेशका वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालयका सचिवहरुको Virtually सहभागिता रहेको थियो। वैठकको सञ्चालन वातावरण विभागका महानिर्देशक एवं कार्यन्वयन समितिका सदस्य सचिव शिवलाल तिवारीले गर्नु भएको थियो। वैठकमा पाल्नुहुने सम्पूर्ण महानुभावहरुलाई स्वागत गर्दै उहाँले वैठकको एजेन्डा प्रस्तुत गर्नु भएको थियो। वैठकमा वातावरण विभागका सिनियर डिभिजनल केमिष्ट शंकर प्रसाद पौडेलले कार्ययोजना कार्यान्वयनको हालसम्मको प्रगतिको सम्बन्धमा प्रस्तुति दिनुभएको थियो। उक्त वैठकमा वातावरण विभागका उपमहानिर्देशक तारादत्त भट्ट लगायतका कर्मचारीहरुको उपस्थिति रहेको थियो । सवै प्रदेशका वन तथा वातावरण मन्त्रालयको प्रदेश सचिवज्यूहरुले आ-आफ्नो प्रदेशमा कार्ययोजनामा तोकिएका जिम्मेवारीका सम्वन्धमा हाल सम्म भएका गतिविधिहरुका वारेमा जानकारी गराउनुभएको थियो ।

Scanned with CamScanner

उक्त वैठकमा नगरपालिका महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स र नेपाल प्लाष्टिक उत्पादक संघका अध्यक्ष, गाउँपालिका महासंघ नेपालका कार्यकारी निर्देशक, भन्सार विभाग तथा नेपाल गुणस्तर नापतौल विभागका महानिर्देशक, उद्योग, वाणिज्य आपूर्ति मन्त्रालयका सहसचिव लगायतले आ-आफूलाई तोकिएको निकायगत जिम्मेवारी र प्रगतिको अवस्थाको वारेमा धारणा राख्नु भएको थियो । यसैगरी स्वास्थ्य मन्त्रालयका सचिव डा. रोशन कुमार पोखरेलज्यूले सडक छेउ फालिने प्लाष्टिक झोलाका कारण डेंगुको प्रकोप फैलिने गरेकोले यसको नियन्त्रण गरिनुपर्ने बताउनुभयो। यस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव डा. कृष्णहरी पुष्करले काममा दोहोरोपना हुँदा समस्या भएको बताउनुभयो। वन तथा वातावरण मन्त्रालयका सचिव डा. रेवतीरमण पौडेलले माइक्रो प्लाष्टिकका बारेमा जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनुपर्ने धारणा राख्नुभयो। उहाँले कार्ययोजनामा परिमार्जन गर्ने बिषयलाई पनि सँगसँगै अगाडी बढाउनुपर्ने बताउनुभयो।

बैठकको अन्तमा समितिका संयोजक एवम् नेपाल सरकारका मुख्यसचिवज्यूले विभिन्न निर्देशन दिनुभयो। उहाँले डकुमेन्टेशन र रिपोर्टिङ तथा संस्थागत स्मरणमा कमी देखिएको बताउनुभयो। कार्ययोजना परिमार्जनका विषयमा अर्को बैठकमा छलफल हुने बताउँदै प्रदेश अनुगमन समितिको बैठक पनि तत्काल गर्न निर्देशन दिनुभयो। उद्योगलाई अनुदान दिने विषयमा समन्वयको अभाव देखिएको भन्दै यो विषयलाई छिट्टै स्पष्ट गरिनुपर्ने बताउनुभयो। उहाँले विगत लामो समयदेखि प्लाष्टिक झोला व्यवस्थापनमा सरकारले प्रयास गरिरहेको भन्दै यो वा त्यो बहानामा यसलाई पन्छाउन नमिल्ने भन्दै सबै सरोकारवाला निकायहरुले गम्भिरता पुर्वक कार्यान्वयन गर्नुपर्ने बताउनुभयो। उहाँले सबैभन्दा पहिला शुरुवात आफैबाट गर्नुपर्ने र यसका लागि पुनः प्रयोग गर्न सकिने साथै प्लाष्टिकको सट्टा अन्य वैकल्पिक झोलाको प्रयोगमा जोड दिनु पर्ने कुरा बताउनु भएको थियो । वैकल्पिक झोला उत्पादन गर्ने कार्यमा निजी क्षेत्रलाई संलग्न गराउनुपर्ने र यसका लागि आवश्यक पर्ने अनुदान, नीतिगत र कानूनी व्यवस्था पनि संगसगै तर्जुमा गर्दै जानुपर्ने र यस विषयमा निजी क्षेत्रलाई समेत सुझाव पेश गर्न आग्रह गर्नु भएको थियो । साथै सरोकारवाला निकायले प्लाष्टिक झोला सम्वन्धी सचेतना वा जनचेतना जगाउने क्रममा गरिने विज्ञापनहरुलाई बढी व्यवहारिक, सवैले वुझ्न सकिने तथा लक्षित वर्ग, समुदायसम्म पुग्ने गरी विज्ञापनको Modality लाई परिवर्तन गर्नुपर्ने कुरामा जोड दिनु भएको थियो ।

उक्त वैठकले केन्द्रीय स्तरमा वजार अनुगमन एवं उद्योग अनुगमन गर्न छुट्टा छुट्टै अनुगमन टोली गठन गर्नुका साथै कार्ययोजनाको कार्यान्वयनका लागि आवश्यक मापदण्ड एवं कार्यविधिहरु निर्माण गर्ने निर्णय गरेको छ । यसैगरी तत्कालै सबै प्रदेशस्तरीय अनुगमन समितिको बैठक बसी अनुगमन टोली परिचालन गर्ने र समयमै प्रगति विवरण केन्द्रिय अनुगमन समितिमा पठाउने निर्णय समेत गरेको छ।

थप सम्पर्कको लागिः राजेश्वर पौडेल, वातावरण निरीक्षक (मो.९८४१३९०५३५)

नेपाल सरकार ... तथा वातावरण ... वातावरण विभाग

Scanned with CamScanner